**भूमे गाउँपालिका रूकुम पूर्वको**

# गाउँपालिका शिक्षा योजना

(२०८०/८१-२०८५/०८६)

## Rural Municipality Education Plan (2080-2084)

**भूमे गाउँपालिका**
**शिक्षा, युवा तथा खेलकुद शाखा**
**रूकुम पूर्व**
**लुम्बिनी प्रदेश**
**नेपाल**

**सर्वाधिकरः प्रकाशकमा**

**प्रमुख संरक्षकः**

श्री होम प्रकाश श्रेष्ठःअध्यक्ष भूमे गाउँपालिका रूकुम पूर्व

**संरक्षक**

श्री सविना बुढा मगरः उपाध्यक्ष भूमे गाउँपालिका रूकुम पूर्व

**सल्लाहकार**

श्री रामसुर बुढामगरःसंस्थापक अध्यक्ष भूमे गाउँपालिका रूकुम पूर्व
श्री चन्द्रसिंह श्रेष्ठः प्रमुख प्रशासकीय अधिकृत, भूमे गाउँपालिका रूकुम पूर्व
श्री कौशल कुमार तिवारीःशिक्षा अधिकृत, शिक्षा युवा तथा खेलकुद शाखा, भूमे गाउँपालिका रूकुम पूर्व

**योजना निर्माण प्राविधिक सहयोग**

मेरिगोल्ड कन्सन्टेन्ट प्रा.लि. सल्यान

**प्राविधिक सहयोग कार्यदलः**

श्री पुरूषोत्तम गिरी, कार्यकारी निर्देशक, मेरिगोल्ड कन्सन्टेन्ट प्रा.लि. सल्यान
श्री सुरेन्द्र ढकाल शैक्षिक योजना विज्ञ मेरिगोल्ड कन्सन्टेन्ट प्रा.लि. सल्यान
श्री टेक प्रसाद बुढा, वडा अध्यक्ष, वडा नं. ५
श्री संगम रोका, वडा अध्यक्ष वडा नं. ७
श्री सुदिप श्रेष्ठ, जनजागृत मावि भूमे ६, महत
श्री झुल प्रसाद गुरूङ्ग, शहिद शुक्र मावि भूमे ३ सिमा
श्री एकराज डाँगी, नेपाल राष्ट्रिय मावि भूमे ९ चुनवाङ्ग
श्री प्रताप सुनार, जनजागृत मावि भूमे ६, महत
श्री राम बहादुर पुन, सिद्दचौर मावि भूमे १ लुकुम
श्री होमजङ्ग राना, टेकसार आवि भूमे ३ झुम्लावाङ्ग

**प्रकाशक**

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
भूमे, रूकुम पूर्व

भूमे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
खबाङबगर,रूकुम पूर्व
लुम्बिनी प्रदेश, नेपाल

### मेरा दुई शव्द

मितिः २०८०/०३/१६ गते

नेपालको संविधान मार्फत स्थानीय तहलाई प्रदान गरेको शिक्षाको एकल अधिकारको कार्यान्वयन सर्वसुलभ तथा जीवनोपयोगी शिक्षा उपलव्ध गराउने स्थानीय तहको कर्तव्य हुन आउँछ। समग्र विकासको मुख्य आधार नै शिक्षा भएको हुनाले भूमे गाउँपालिकालेले शिक्षा क्षेत्रलाई उच्च प्राथमिकतामा राखी बजेटको ठूलो हिस्सा शिक्षा क्षेत्रमा छुट्याउन यो योजना अघि सारेको छ। यस गाउँपालिकाले शिक्षालाइ पहिलो प्राथमिकतामा राखि पूर्वाधार निर्माणका अतिरिक्त बालबालिकाहरूको शिक्षामा पहुँच, सिकाई सुनिश्चितता, गुणस्तर सुधार, टिकाउ दरमा सुधार, सुशासन र व्यवस्थापन, प्राविधिक शिक्षाको विकासमा विशेष ध्यान दिएका छौँ। स्वीकृत शिक्षक दरवन्दी कम रहेकोले हामीले विद्यालय समायोजना, दरवन्दी मिलान र अपुग शिक्षकको व्यवस्थापन गर्ने गरी योजना अघि बढाएका छौँ। अभिभावक शिक्षा, स्थानीय पाठक्रम निर्माण, पाठयोजना सहितका शिक्षण क्रियाकलाप, प्रविधिमैत्री सिकाइ लगायतका शैक्षिक कार्यक्रममा जोड दिइएको छ।

नि:शुल्क र अनिवार्य शिक्षाको कार्यान्वयनमा भूमे गाउँपालिकाले प्रतिवद्ध र क्रियाशील छ। शैक्षिक उपलब्धी वृद्धिका लागि प्रधानध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ र अभिभावकलाई थप जिम्मेवार बनाउने कोशिस गरिएको छ। लगानी अनुसारको प्रतिफल कसरी प्राप्त गर्ने भन्ने चुनौति पनि हामी सामु रहेको छ। पालिकाले वर्तमान शैक्षिक अवस्थालाइ मध्यनजर गरि आगामी ५ वर्ष भित्र विद्यालय शिक्षामा व्यापक सुधार गरी शैक्षिक गन्तव्यको थलोको रूपमा विकास गर्न लागि परेको छ। आगामी ५ वर्ष भित्र गाउँपालिका भित्रका विद्यालय जाने उमेरका सबै बालबालिकाको शिक्षामा पँहुच सुनिश्चित गरी, सबैका लागि सुरक्षित, गुणस्तरिय, प्रतिस्पर्धी, प्रविधिमैत्री, बालमैत्री तथा अपाङ्गतामैत्री वातावरणमा, रोजगारमूलक र उत्पादनमुखी शिक्षाको अवसर प्रदान गरी दक्ष जनशक्ति उत्पादनमा जोड दिन पञ्चवर्षिय शैक्षिक योजना निर्माण गरिएको छ। यस योजनाले शिक्षाका मुद्दाहरूलाइ सम्बोधन गर्ने र यसको पुर्ण कार्यान्वयनका लागी गाउँपालिका प्रतिवद्द रहेको छ। यसको कार्यान्वयनको क्रममा सबै पक्षबाट पुर्ण सहयोग रहने कुरामा म विश्वस्त छु।

धन्यवाद !

........
होम प्रकाश श्रेष्ठ
गाउँपालिका अध्यक्ष

भूमे गाउँपालिकाले

# नगर कार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा

रूकुम पूर्व

लुम्विनी प्रदेश, नेपाल

मितिः २०८०/०३/१६ गते

भूमे गाउँपालिकाले आर्थिक वर्ष २०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार शिक्षा क्षेत्रलाइ योजनावद्द तरिकाले विकास गर्दै ५ वर्षा भित्र शिक्षा क्षेत्र शिक्षा क्षेत्रलाइ कहाँ पुर्‍याउने भन्ने उद्देश्यका साथ तयार गरेको पञ्चवर्षिय शिक्षा योजना ०८०-०८४ तयार गरेको छ । देशको सवैभन्दा बढी बजेट खर्च भैरहेको शिक्षा क्षेत्र जुन अहिले तिनै तहको साझा अधिकार क्षेत्रभित्र पर्दछ भने माध्यमिक तह सम्मको शिक्षा नियमन गर्ने अधिकार स्थानिय तहलाइ छ । जस अनुसार स्थानिय तहले आफ्नो क्षेत्रमा वैज्ञानिक, वस्तुगत र मौलिक शिक्षा प्रणालीलाइ लागु गर्न भौतिक पूर्वाधार सुदृढीकरण गर्दै शैक्षिक गुणस्तर अभिवृद्दी गर्नका लागी ठोस योजनाहरू ल्याइ योजनावद्द रूपमा शिक्षा क्षेत्रको विकास गर्न आवश्यक ठानी भूमे गाउँपालिकाले यो शिक्षा योजना तयार गरेको हो । यस शिक्षा योजनामा हालको वास्तविक तथ्यांकलाइ उजागर गरिएको छ भने ५ वर्ष भित्र शिक्षा क्षेत्रका विविध आयामहरू मानविय विकास, नितिगत सुधार भौतिक पूर्वाधार विकास, शिक्षण सहयोग लगायतका सबै क्षेत्रमा गर्नुपर्ने कामहरू हाल यसको अवस्था अवलम्वन गर्ने निति र अपनाइने कार्यनितिहरू समेत व्यवस्था गरिएको छ ।

मेरिगोल्ड कन्सलटेन्ट प्रालिले यो शिक्षा योजना तयार पार्न महत्वपुर्ण योगदान गरेको छ । यस योगदानका निम्ती मेरिगोल्ड कन्सलटेन्ट प्रालिलाइ भूमे गाउँपालिकाको तर्फबाट म हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । यसैगरी भूमे गाउँपालिका शिक्षा शाखा, शिक्षा समिति र गाउँ कार्यपालिकाबाट तयार पारिएको मस्यौदा माथी व्यापक छलफल र अन्तर्रक्रिया गरी यसलाइ अन्तिम रूप दिने काम भएको छ । यसलाइ भविष्यमा अझै आवश्यकता र औचित्यका आधारमा परिमार्जित गर्दै लैजान सकिने छ ।

हरेक वर्षमा बजेट तयार पार्दा यसकै आधारमा बजेट तथा कार्यक्रम तर्जुमा गर्न सकिएमा वास्तवमै ५ वर्षभित्र यस योजनाले लिएको लक्ष्य तथा उद्देश्य हासिल गर्न सकिने कुरामा दुविधा छैन । भूमे गाउँपालिका पुर्णरूपमा यस शिक्षा योजनालाइ कार्यान्वयन गर्न प्रतिवद्द रहेको र सवै सरोकारवालाहरू यस योजनालाइ कार्यान्वयनको निम्ति अमूल्य योगदान गर्नुहुनेछ भन्ने विश्वास लिएको छु । शिक्षा योजनाको सफल कार्यान्वयनबाट भूमे गाउपालिकाले शिक्षा क्षेत्रमा फड्को मार्ने छ भन्ने विश्वास लिएको छु ।

धन्यवाद ।

.................

श्री चन्द्रसिंह श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत

भूमे गाउँपालिकाले

# नगर कार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा

रूकुम पूर्व

लुम्विनी प्रदेश, नेपाल

## हाम्रो भनाइ

मितिः २०८०/०३/१६ गते

भूमे गाउँपालिकाले शिक्षाको विकास व्यवस्थित र प्रभावकारी रूपमा कसरी गर्न सकिन्छ भन्ने सवालमा पनि प्रयासरत र उत्तिकै चिन्तनशील छ। शिक्षा क्षेत्रको विकास र उन्नयन कसरी गर्ने भन्ने सवालमा भूमे गाउँपालिकालेले विशेष योजनाहरू अगाडि सारेको छ। शैक्षिक गुणस्तरका साथै आधारभूत तहसम्मको शिक्षामा सबैलाई अनिवार्य र नि:शुल्क प्रत्याभूति दिलाउन भूमे गाउँपालिकाले क्रियाशील रहेको छ।

शिक्षामा गरिएको लगानीलाई परिणाममुखी बनाउन सबै जिम्मेवार बन्नुपर्ने अहिलेको आवश्यकता हो। यसका लागि पुरस्कार र दण्डको नीति कार्यान्वयन गर्न शिक्षा, युवा तथा खेलुकद शाखा प्रतिवद्ध छ । सबैलाई शिक्षाको पहुँचमा ल्याउन तथा युग सुहाउदो शैक्षिक गुणस्तर कायम गर्न सरोकारवालाको सहभागिता र अपनत्वको खाँचो उतिकै छ। भूमे गाउँपालिकालेको वास्तविक शैक्षिक अवस्था र आगामी  योजनाको रोड म्यापका रूपमा पञ्चवर्षीय शिक्षा योजना निर्माण गरिएको छ। यसमा भूमे गाउँपालिकाले शिक्षक, विद्यार्थी, नतिजा विश्लेषण, भौतिक अवस्था लगायतका पक्षसँग सम्बन्धित लक्ष्य, रणनीति, कार्यनीति तय गरिएको छ  । यसले शिक्षासँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्न  महत्त्वपूर्ण आधार प्रदान गरेको छ। हचुवाका भरमा बजेट विनियोजन गर्ने प्रवृत्तिको अन्त्य यसले गर्ने विश्वास लिइएको छ।

शिक्षाको यस योजनालाई  सकेसम्म त्रुटिरहित बनाउने प्रयास गरिएको छ। कुनै त्रुटि फेला परेमा सकारात्मक सुझावको अपेक्षा समेत गर्दछु ।  शिक्षा योजना निर्माणका लागि आवश्यक  समन्वय र निर्देशन प्रदान गर्ने गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतसहित सबैलाई विशेष धन्यवाद व्यक्त गर्दछु। पञ्चवर्षिय शिक्षा योजना  निर्माण गरेर भूमे गाउँपालिकालेको शिक्षा क्षेत्रका योजनाहरूलाई व्यवस्थित गर्न सहयोग गर्ने र तोकिएको जिम्मेवारी पूरा गर्न अहोरात्र खटिने मेरिगोल्डका कार्यकारी निर्देशक शैक्षिक अभियान्ता पुरूषोत्तम गिरीलाइ विशेष धन्यवाद व्यक्त गर्दछु । साथै यस योजना बनाउनका लागी अहोरात्र खट्ने सबैलाइ धन्यवाद दिन चाहन्छु।

शिक्षा योजना निर्माणका क्रममा सल्लाह, सुझाव र आवश्यक तथ्याङ्क प्रदान गरेर सहयोग पुर्याउने विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घका पदाधिकारी, राजनीतिक दल, वुद्धिजीवि, सबै विद्यालयका प्रधानाध्यापक, शिक्षक विद्यार्थी, गाउँपालिकाको विभिन्न शाखा, फाँटमा कार्यरत सम्पूर्ण कर्मचारी तथा शिक्षाप्रेमी सबैमा विशेष आभार प्रकट गर्दछु।

धन्यवाद !

कौशल कुमार तिवारी
शिक्षा अधिकृत